“खण्ड क”

# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय, वालुवाटार

## नेपाल राष्ट्र बैंक, बालुवाटार भवन परिसरमा CCTV आपूर्ति तथा जडान गर्ने कार्यको शिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०७१।११।०५ गते)

यस बैंकको केन्द्रीय कार्यालय बालुवाटार भवन परिसरमा CCTV आपूर्ति तथा जडान गर्ने कार्य सिलवन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले सो कार्यमा अनुभव प्राप्त ईच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुले सिलवन्दी गरी प्रथम पटक सूचना प्रकाशित मितिले १५ औं दिनको १५:०० वजेभित्र फाराम खरिद गरी १६ औं दिनको १२:०० वजेभित्र (सो दिन विदा पर्न गएमा विदा पश्चात कार्यालय खुलेको पहिलो दिनमा) रीतपूर्वक सहिछाप तथा सिलवन्दी गरी दरभाउपत्रदाता आफैले वा आफ्नो प्रतिनिधि मार्फत् वा हुलाक वा कुरियर मार्फत दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय भित्रै सामान्य सेवा विभागमा दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । दरभाउपत्र फाराम यस विभागवाट रु.५००।- (फिर्ता नहुने) मा खरिद गर्न सकिनेछ । दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनको दिउँसो २:०० बजे यस विभागमा दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभए पनि दरभाउपत्र प्रस्ताव खोल्न बाधा नपर्ने) दरभाउपत्र प्रस्ताव खोलिने छ । दरभाउपत्रदाताले जमानत वापत रु.४२,०००।- यस बैंकको बैंकिङ्ग कार्यालयमा रहेको खाता नं. ११०९९०१/०११.०००.५२४ मा जम्मा गरेको सक्कल भौचर वा इजाजत पत्र प्राप्त बैंक तथा वित्तीय संस्थावाट जारी भएको दरभाउपत्र पेश गर्ने अन्तिम मितिले न्यूनतम ७५ दिनको बैंक जमानत पेश गर्नु पर्नेछ । यस कार्यको लागि अनुमानित लागत मूल्य मू.अ.कर सहित रु.१३,९१,१४३।- (अक्षरेपी तेह्र लाख एकानब्बे हजार एक सय त्रीचालीस मात्र) रहेको छ । यस सम्वन्धी अन्य जानकारी तथा शर्तहरुको वारेमा यस विभागमा सम्पर्क राख्नु हुन वा बैंकको वेबसाईट www.nrb.org.np मा समेत हेर्न सकिने छ ।

**सामान्य सेवा विभाग**

“खण्ड ख”

# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
# सामान्य सेवा विभाग

**नेपाल राष्ट्र बैंक, बालुवाटार भवन परिसरमा CCTV आपूर्ति तथा जडान गर्ने कार्यको सिलवन्दी दरभाउपत्र प्रस्ताव फाराम**

| | | |
|---|---|---|
| दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति | : | २०७१।११।१९ गते दिनको १५:०० बजेसम्म । |
| शिलवन्दी दरभाउ पत्र फाराम पेश गर्ने अन्तिम मिति | : | २०७१।११।२० गते दिनको १२:०० बजेभित्र । |
| दरभाउपत्र खोल्ने मिति र समय | : | २०७१।११।२० गते दिनको १४:०० बजे । |
| दरभाउपत्र खोल्ने स्थान | : | ने.रा.बैं , सामान्य सेवा विभाग , वालुवाटार |

नेपाल राष्ट्र बैंक, बालुवाटार भवन परिसरमा CCTV आपूर्ति तथा जडान गर्ने कार्यको लागि मिति २०७१।११।०५ गतेको गोरखापत्र दैनिकमा प्रथम पटक प्रकाशित शिलबन्दी दरभाउ पत्रको सूचना र यसैसाथ संलग्न दरभाउपत्र सम्वन्धी कागजातहरुको शर्तको अधिनमा रहि कवोल गरिएको रकम रु..............................तथा मु.अ.कर समेत रु. ......................................(अक्षरेपि............................ ..................................................) मा कार्य सम्पन्न गर्न मन्जूर गरी यो शिलबन्दी दरभाउपत्र फाराम पेश गरेको छु /छौं ।

फर्म, संस्था/कंपनीको नाम :

पूरा ठेगाना :

फर्म, संस्था/कंपनीको तर्फबाट
अख्तियारवालाको दस्तखतः

पूरा नामः :

मितिः :

फोन नं./मोवाईल नं. :

फ्याक्स नं :

इमेल ठेगानाः :

फर्मको छापः :

"खण्ड ग"

# घोषणा-पत्र

तपसिलमा दस्तखत गर्ने म/हामी यो घोषणा गर्दछु/गर्दछौं कि प्रस्तावको शर्तमा उल्लेख भए बमोजिम यो दरभाउ पत्र कारवाहीमा भाग लिन हरतरहले योग्य रहेको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो वा आफ्नो फर्मको स्वार्थ नबाझिएको र पेशा तथा ब्यबसाय सम्बन्धी कसुरमा आफूले हालसम्म कुनै सजाय नपाएको लिखित स्वघोषणा गर्दछु/गर्दछौं ।

फर्म/कम्पनीको नाम :

पूरा ठेगाना :

फर्म/कम्पनीको तर्फबाट अख्तियारवाला
(संचालक, प्रोप्राईटर वा संस्थाले
अख्तियारी दिएको व्यक्ति)को दस्तखत :

अख्तियार प्राप्त व्यक्तिको पूरा नाम :

मिति :

फोन नं.:

मोवाईल नं. :

फ्याक्स नं :

इमेल ठेगाना :

इति सम्बत २०७१ साल ....... गते रोज .... शुभम...

"खण्ड घ"

# दरभाउपत्रका शर्तहरु

## १ दरभाउ पत्रदातालाई निर्देशन

१.१ दरभाउपत्रदाताले दरभाउपत्रको शिलवन्दी खामको बाहिरपट्टि शीरमा **"नेपाल राष्ट्र बैंक, बालुवाटार भवन परिसरमा CCTV आपूर्ति तथा जडान कार्य गर्ने"** भन्ने उल्लेख गरी श्री कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौंलाई सम्बोधन गरेको हुनु पर्नेछ ।

१.२ दरभाउपत्रदाताले दररेट अंक र अक्षरमा स्पष्ट लेख्नुको साथै जम्मा रकम समेत उल्लेख गर्नु पर्नेछ । साथै दरभाउपत्र पेश गर्दा दर देखिनेमा दर, जम्मा देखिनेमा जम्मा र दर र जम्मा दुवै देखिनेमा दुवै खोली अंकलाई अक्षर समेतले बोलाई लेख्नु पर्नेछ । जम्मामा अंक र अक्षर नलेखिएको दरभाउपत्रलाई मान्यता दिइने छैन । सो लेख्दा भरिसक्य नविराइकन स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ । विरिन गई सच्याउनु परेमा अंक र अक्षर खुर्कनु, मेट्नु हुदैन । विरिएजति अंक र अक्षर पढन सकिने गरी काटी थप्नुपर्ने भएमा थप चिन्ह प्रयोग गरी जे लेख्नु पर्ने हो सो लेखी थप गरेको तथा काटेको ठाउंमा समेत अरु अंक र अक्षर थपघट गर्न नमिल्ने गरी अगाडि र पछाडि सहिछाप गरेको हुनु पर्नेछ । सो वमोजिम नभएको दरभाउपत्रलाई मान्यता दिइने छैन ।

१.३ बैंकबाट खरिद गरेको सक्कलै दरभाउपत्र फाराम पेश गर्नु पर्नेछ । तर, यस बैंकको वेबसाईटबाट डाउनलोड गरी दरभाउ पत्र फारम बापत लाग्ने दस्तुर तिरी बैंकका अधिकृत (सामान्य सेवा विभाग) बाट प्रमाणित गराई दरभाउपत्र पेश गर्न सकिने छ । फोटोकपी गरी वा अन्य कुनै तरिकाले दरभाउपत्र बनाई पेश गरेमा दरभाउपत्र रद्ध गरिनेछ ।

१.४ दरभाउ पत्र फाराममा उल्लेख भएका शर्तहरु बाहेक दरभाउपत्रदाताले आफ्नै तर्फबाट कुनै शर्त राखी दरभाउ पत्र पेश गरेमा सो शर्त स्वीकार गर्ने वा नगर्ने अधिकार बैंकमा निहित रहनेछ ।

१.५ दरभाउ पत्र फाराममा उल्लेखित मूल्य अन्तिम मूल्य (मू.अ.कर सहित) हुनु पर्नेछ र दरभाउपत्रमा उल्लेखित कार्य सम्पादन भई नसकुन्जेलसम्म घटीबढी गर्न पाइने छैन । बोल रकम नेपाली रुपैयाँमा उल्लेख गर्नु पर्नेछ । विदेशी मुद्रामा उल्लेखित बोल रकमलाई मान्यता दिइने छैन ।

१.६ फर्म वा कम्पनीको तर्फबाट दरभाउपत्र तथा सोसंग सम्वन्धित कागजातहरु पेश गर्दा फर्म वा कम्पनीको प्रोप्राइटर, संचालक वा अख्तियार प्राप्त व्यक्तिले दरभाउपत्र फारामका प्रत्येक पानामा तथा सिलवन्दी खाममा दस्तखत गरी आफ्नो कार्यालयको छाप समेत अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

१.७ दरभाउपत्र पेश गर्दा आपूर्ति गरिने सामानहरुको साथमा उत्पादक कम्पनीले उपलव्ध गराउने Accessories, Tools तथा Catalogue को विवरण र सम्बन्धित कागजात समेत साथै पेश गर्नु पर्नेछ ।

१.८ दरभाउपत्रदाताले दरभाउपत्रमा आपूर्ति गर्ने मालसामानको उत्पादक कम्पनी, उत्पादन भएको देश, ब्राण्ड, र मोडल नम्बर खुलाउनु पर्नेछ ।

## २ दरभाउ पत्र खोल्ने ब्यबस्था:

२.१ प्राप्त हुन आएका दरभाउपत्रहरु दरभाउपत्र फाराममा उल्लेख भएको मिति, स्थान र समयमा दरभाउ पत्रदाता वा निजको आधिकारीक प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्र खोलिने समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पुगेको मानिने छैन ।

२.२ दरभाउपत्र पेश गर्ने अन्तिम दिन र दरभाउपत्र खोलिने दिनमा सार्वजनिक विदा पर्न गएमा विदा पश्चात कार्यालय खुल्ने पहिलो दिनमा दरभाउपत्र बुझिने र खोलिनेछ ।

## ३ दरभाउपत्र दाताको ग्राह्यता सम्बन्धी आधारहरु

३.१ दरभाउपत्रदाताले दरभाउपत्रलाई शिलवन्दी गरी बैंकमा पेश गर्नु पर्नेछ ।

३.२ दरभाउपत्र फारामका साथ निम्न बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

क. फर्म, संस्था वा कम्पनी दर्ताको अद्यावधिक प्रमाणपत्रको प्रतिलिपि ।

ख. ब्यवसायको सम्वन्धित नियमक निकायबाट अद्यावधिक नविकरण भएको ईजाजतपत्रको प्रतिलिपि ।

ग. मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा (प्यान) दर्ता नम्बर प्रमाणपत्रको प्रतिलिपि ।

घ. आ.व.२०७०/७१ को सम्वन्धित राजस्व कार्यालयबाट कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।

ङ. दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यबसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित घोषणा पत्र (दरभाउपत्र फाराममा संलग्न भएको घोषणा पत्रको विवरण भरी पेश गर्न पनि सकिनेछ) ।

च. दरभाउपत्र फारमका साथ सम्बन्धित काम गरेको (रकम समेत खुल्ने गरी) अनुभवको प्रमाणपत्रको प्रतिलिपीहरु पनि संलग्न गर्नु पर्नेछ ।

४ **दरभाउपत्र र कार्य सम्पादन जमानत तथा वारेन्टी सम्बन्धमा**

४.१ दरभाउपत्रदाताले दरभाउपत्रका साथ रु.४२,०००।- यस बैंकको बैंकिंग कार्यालय खा.नं.११०९९०१/०११.०००.५२४ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट ईजाजतपत्र प्राप्त बैंक तथा बित्तीय संस्थाले जारी गरेको सो रकम बराबरको जमानत पेश गर्नुपर्ने छ ।

४.२ शर्त नं. ४.१ बमोजिमको दरभाउपत्र जमानतको मान्य अबधि दरभाउपत्रको मान्य अबधिभन्दा कम्तिमा १५ दिन बढिको हुनु पर्ने छ । (दरभाउपत्र खुल्ने मितिले ७५ दिन अवधिको दरभाउपत्र जमानत संलग्न हुनु पर्नेछ)

४.३ दरभाउपत्र प्रस्ताव स्वीकृत हुने दरभाउपत्रदाताले आफूले कवोल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकममा नघटाई यस बैंकको बैंकिंग कार्यालय, थापाथली खा.नं.११०९९०१/०११.०००.५२४ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट इजाजत प्राप्त बैंक तथा बित्तीय संस्थाले यस बैंकको पक्षमा जारी गरेको सो रकम बराबरको कार्य सम्पादन जमानत पेश गर्नु पर्नेछ ।

४.४ दरभाउपत्र स्वीकृत हुने दरभाउपत्रदाताले शर्त नं.४.३ वमोजिम कार्य सम्पादन जमानत वापतको रकम नगद जम्मा गर्ने भएमा दरभाउपत्र पेश गर्दा दरभाउपत्र जमानत वापत नगद जम्मा गरेको रहेछ भने सो रकम समेतलाई गणना गरी नपुग हुने रकम थप जम्मा गर्नु पर्नेछ ।

४.५ शर्त नं. ४.३ र शर्त नं. ४.४ मा भएको ब्यबस्था बमोजिमको कार्य सम्पादन जमानतको अबधि कम्तिमा २८ महिनाको हुनु पर्नेछ ।

४.६ दरभाउपत्र स्वीकृत हुने दरभाउपत्रदाताले सम्झौता गर्न आउने पत्र प्राप्त भएको मितिले सात दिनभित्र शर्त नं. ४.५ मा उल्लेख भए बमोजिमको कार्य सम्पादन जमानत सहित सम्झौता गर्न आउनु पर्नेछ ।

४.७ दरभाउपत्रदाताले पेश गरेको कार्य सम्पादन जमानत सम्झौतापत्रमा उल्लेख भए बमोजिम मात्र फुकुवा गरिनेछ ।

४.८ बैंकबाट स्वीकार नगरिएको दरभाउपत्रदाताको दरभाउपत्र जमानत स्वीकृत दरभाउपत्रदातासंग सम्झौता सम्पन्न भएपछि विना व्याज फिर्ता गरिनेछ ।

४.९ सम्पन्न कार्यको वारेन्टी अवधि १ (एक) वर्षको हुनेछ ।

५ **दरभाउ पत्र खोल्ने र मूल्याङ्कन सम्बन्धी ब्यबस्थाः**

५.१ बैंकबाट प्रकाशित सूचना तथा दरभाउपत्रको शर्त नं. १, ३ र ४ मा उल्लिखित शर्तहरु वमोजिम नभएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

५.२ प्राप्त दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

५.३ दरभाउपत्रदाताले पेश गरेको दररेट अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । परिमाण र दर अनुसारको जम्मा मूल्य फरक परी दरभाउपत्र पेश हुन आएमा परिमाण र दर अनुसारको रकम बैंकले मिलान गरी कुल बोल अंक कायम गर्न सक्नेछ । त्यसै गरी कुल जम्मा रकममा गणितीय त्रुटी भएमा त्यस्तो त्रुटीलाई बैंकबाट सच्याई मिलाउन सकिनेछ ।

५.४ रित पुगेका दरभाउपत्रहरुमध्ये सबैभन्दा कम बोलअंक कबोल गर्ने दरभाउपत्रदाताको दरभाउपत्रलाई स्विकृत गरिनेछ ।

६ **खरिद तथा जडान कार्य तथा पेश्की सम्बन्धी ब्यबस्थाः**

६.१ दरभाउपत्र स्वीकृत भई सम्झौता भएपछि कामको सिलसिलामा आपूर्तिकर्ताबाट अग्रिम पेश्की माग गरेमा स्वीकृत कूल रकम (मू.अ.कर बाहेक) को २० प्रतिशतसम्म बैंक ग्यारेन्टी लिई पेश्की दिन सकिनेछ । यसरी प्रदान गरिएको पेश्की फछ्र्यौट नभएसम्म निजले पाउने प्रत्येक स्वीकृत रनिंग विल रकमको पचास प्रतिशतका दरले रकम कट्टा गरी असुल गरिनेछ ।

६.२ आपूर्ति तथा जडान कार्यको रेखदेख बैंकबाट तोकिएको प्राविधिक/परामर्शदाताले गर्नेछन् ।

६.३ आपूर्ति तथा जडान कार्यको सिलसिलामा बैंकले नियुक्त गरेको प्राविधिकले दिएको निर्देशन आपूर्तिकर्ताले पूर्ण रुपले पालना गर्नु पर्नेछ ।

६.४ दरभाउपत्र स्वीकृत भई बैंक र आपूर्तिकर्ता बीच सम्पन्न हुने सम्झौतापत्रमा निम्न शर्तहरु समावेश गरिनेछ :

(क) स्वीकृत दरभाउपत्रदाताले कार्यसम्पादन जमानत वापत राखेको धरौटी रकम त्रुटि सच्याउने अवधि समाप्त भएको मितिले एक वर्षसम्म रोकी राखिनेछ ।

(ख) दरभाउपत्रदाताको विलको भुक्तानी गर्दा स्वीकृत बीलको पाँच प्रतिशत रकम रिटेन्सन मनि कट्टा गरी फाइनल विल भुक्तानी भएको मितिले वारेन्टी अवधि पश्चात १ वर्ष अवधिसम्म रोकी राखिनेछ । तत्पश्चात कामको

स्तर निरीक्षण गरी सम्पादित कामको गुणस्तर सन्तोषजनक रहेको भनी बैंकबाट नियुक्त परामर्शदाताबाट सिफारिस भएपछि मात्र उक्त रकमको भुक्तानी ५० प्रतिशत फुकुवा गरिनेछ, र वाँकी ५० प्रतिशत रकम दरभाउपत्रदाताले सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट आय विवरण पेश गरेको प्रमाणित कागजात पेश गरे पछि भुक्तानी फुकुवा गरिनेछ ।

## ७ कार्य सम्पन्न गर्ने अबधि तथा क्षतिपूर्ति सम्वन्धी व्यवस्था

७.१ स्वीकृत दरभाउपत्रदाताले सम्झौता गरी कार्यादेश जारी भएको मितिले ७ दिन भित्र कार्य शुरु गरी ७५ दिनभित्रमा काम सम्पन्न गरिसक्नु पर्नेछ ।

७.२ कामको क्रममा बैंकले थप कार्य स्वीकृत गरेमा वा काबु वाहिरको परिस्थिति उत्पन्न भई समयमा कार्य सम्पादन हुन नसकेको भनी बैंकलाई लागेमा मात्र कार्य अवधि थप गर्न सकिनेछ ।

७.३ स्वीकृत दरभाउपत्रदाताले शर्त नं. ७.१ मा उल्लेख गरिएको समयभित्र र शर्त नं. ७.२ बमोजिम कार्य अवधि थप गरिएको भए सो समेतमा कार्य सम्पन्न गरी बैंकलाई हस्तान्तरण गर्नु पर्ने छ । सम्पूर्ण जडान कार्य बैंकलाई हस्तान्तरण नगरी कार्य सम्पन्न भएको मानिने छैन ।

७.४ तोकिएको समयभित्र काम सम्पन्न गर्न नसकेमा अवधि समाप्त भएको मितिले कुल सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिनका दरले निर्माण व्यवसायीले हर्जाना बुझाउनु पर्नेछ । हर्जाना रकम कुल सम्झौता रकमको १० प्रतिशत भन्दा बढि हुने छैन ।

७.५ सम्झौता रकमको १० प्रतिशतसम्म हर्जाना लाग्ने अवधिसम्ममा पनि काम सम्पन्न गर्न नसकेमा वा कार्य बीचैमा छोडेमा बैंकले आफ्नो तर्फबाट सो कार्य सम्पन्न गराई कार्य सम्पन्न गराउँदा लागेको सम्पूर्ण खर्च असुल उपर गर्नेछ ।

७.६ शर्त नं. ७.३ बमोजिम कार्य सम्पन्न गरी आपूर्ति तथा जडान कार्य बैंकलाई हस्तान्तरण गरेको मितिले १ (एक) बर्षसम्म जडित सामानको गुणस्तर र जडान कार्यमा कुनै त्रुटी देखिएमा सो त्रुटी सम्बन्धित फर्म/कम्पनीले सच्याउनु पर्नेछ ।

## ८ भुक्तानी सम्बन्धी ब्यबस्था

८.१ दरभाउपत्रदाताबाट पेश हुन आएको विलको भुक्तानी बैंकका प्राविधिकबाट भएको सिफारिशको आधारमा एकाउन्टपेयी चेकबाट गरिनेछ । बिलको भुक्तानी दिंदा प्रत्येक स्वीकृत विलबाट रिटेन्सन मनि बापत ५ प्रतिशत रकम कट्टी गरिनेछ ।

८.२ जडान भइसकेका सामान वापतको रकम भुक्तानी दिनु पूर्व बैंकले जडित सामानहरुको गुणस्तर निरीक्षण गर्न सक्नेछ ।

८.३ रिटेन्सन मनि बापत कट्टी गरी राखेको रकम शर्त नं. ७.६ मा उल्लेख भए बमोजिमको त्रुटी सच्याउने अबधि समाप्त भए पश्चात एक वर्ष पछि ५० प्रतिशत फिर्ता भुक्तानी दिईनेछ र बाँकी ५० प्रतिशत रकम दरभाउपत्रदाताले सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट आय विवरण पेश गरेको प्रमाणित कागजात पेश गरेपछि मात्र भुक्तानी दिइनेछ ।

८.४ विल अफ क्वान्टीटीमा उल्लेख गरिएको विवरण तथा स्पेशिफिकेशन अनुसारको कार्य नभई फरक परेमा बैंकलाई स्वीकार्य हुने छैन र त्यस्तो कामको भुक्तानी दिइने छैन ।

८.५ आपूर्तिकर्ताको तर्फबाट कार्य सम्पन्न गरी पेश हुन आएको अन्तिम विलको भुक्तानी गर्ने क्रममा बैंकले आवश्यक ठानेमा आफ्नै खर्चमा बाह्य प्राविधिकबाट सम्पादित कामको गुणस्तर परिक्षण एवं स्पेशिफिकेशन अनुसारको काम भए/नभएको यकिन गरी भुक्तानी दिन बाँकि अन्तिम बिल अनुसारको रकम भुक्तानी गर्नेछ । यस्तो नापजाँच परीक्षणबाट प्राप्त विवरणलाई अन्तिम मानी विलको भुक्तानी गरिने हुँदा सो उपर आपूर्तिकर्ताले कुनै विवाद उठाउन पाउने छैन ।

८.६ दरभाउपत्रमा उल्लेखित दररेट बाहेक जडान अबधिमा हुने कुनै प्रकारको मूल्य वृद्धिको भुक्तानी गर्न बैक बाध्य हुनेछैन ।

## ९ कारवाही सम्बन्धी ब्यबस्था

९.१ स्विकृत दरभाउपत्रदाताले सम्झौता अनुसार तोकिएको समयमा कार्य सम्पन्न गर्न नसकेमा वा कार्य बीचैमा छोडेमा बैंकले आफ्नो तर्फबाट सो कार्य सम्पन्न गराई कार्य सम्पन्न गराउदा लागेको सम्पूर्ण खर्च सम्बन्धित फर्म/कम्पनीबाट असुल उपर गर्नेछ ।

९.२ स्वीकृत दरभाउपत्रदाताले दरभाउपत्र वमोजिमको कार्य गर्न कार्यादेश बुझ्न नआएमा वा कार्य गर्ने सम्वन्धी सम्झौता गर्न नआएमा शर्त नं.४.१ अनुसार पेश भएको जमानत वा सम्झौता अनुसारको कार्य नगरेमा निजले राखेको शर्त नं. ४.३ अनुसारको जमानत जफत गरी त्यस्तो फर्मलाई कालो सूचीमा राख्न कारवाही अगाडि बढाइनेछ ।

९.३ आपूर्तिकर्ताको तर्फबाट कार्य सम्पन्न गरी पेश हुन आएको अन्तिम विलको भुक्तानी गर्ने क्रममा बैंकले आपूर्ति तथा जडान कार्यको परीक्षण गराउँदा बैंकलाई हानी नोक्सानी हुने गरी काम कारवाही भए गरेको पाइएमा दरभाउपत्रको शर्त नं. ४.३ अनुसारको कार्य सम्पादन जमानत जफत गरी त्यस्तो फर्मलाई कालो सूचीमा राख्न कारवाही अगाडि बढाइनेछ ।

## १०. भेरिएसन आदेश

सम्झौता बमोजिम कार्य शुरु भइसकेपछि प्राविधिक कारणबाट जडान कार्यको परिमाणमा थपघट गर्न वा नयाँ आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नेपाल राष्ट्र बैंक खरिद बिनियमावली, २०७१ (प्रथम संशोधन, २०७१ समेत) को अधिनमा रही भेरिएसन आदेश जारी गर्न सकिनेछ ।

## ११. दरभाउ पत्र स्विकृत सम्बन्धी ब्यबस्था

११.१ दरभाउपत्र प्रस्तावको परीक्षण गरिनेछ र परिक्षणमा आर्थिक पक्षको मूल्यांकन गर्दा सारभूत रुपमा प्रभावग्राहि सबैभन्दा कम मूल्य प्रस्ताव गर्ने दरभाउपत्रदाताको दरभाउपत्र स्विकृतीको लागि छनौट गरी स्वीकृत पश्चात् सम्झौता गर्न वोलाईनेछ ।

११.२ शर्त नं. ११.१ बमोजिम छनौट भई स्वीकृत दरभाउपत्रदाता सम्झौता गर्न नआएमा निजको दरभाउपत्र जमानत जफत गरी सो भन्दा लगतै पछिको (दोस्रो न्यूनतम मूल्य प्रस्ताव गर्ने) दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही भएमा मात्र उक्त दरभाउपत्र स्विकृतिको लागि छनौट गरिनेछ ।

## १२. जडित सामान तथा जडान सम्बन्धी कार्यको गुणस्तर सम्बन्धमा

१२.१ आपूर्ति गरीएका सामाग्रीको गुणस्तर प्रमाणीत गर्ने सम्पूर्ण दायित्व आपूर्तिकर्ताको हुने छ ।

१२.२ बील अफ क्वान्टीटीमा उल्लेख भए बमोजिमको कार्य गुणस्तरयुक्त हुनु पर्ने छ ।

## १३. वीमा

स्वीकृत दरभाउपत्रदाताले आपुर्ति तथा जडानमा सहभागी हुने जनशक्ति, आपूर्ति सामाग्री लगायतको वीमा आपूर्तिकर्ता स्वयमले गराउनुपर्ने छ ।

## १४. बिबिध ब्यबस्था

१४.१ प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर तथा दस्तुर दरभाउपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

१४.२ दरभाउपत्रदाताले दरभाउपत्र साथ बिल अफ क्वान्टिटीमा उल्लेख भएको कार्यको विवरणको समयावधि सहितको कार्य तालिका बनाई पेश गर्नु पर्नेछ ।

१४.३ दरभाउपत्रमा कारणबस कुनै पनि किसिमको गल्ति हुन गएको खण्डमा त्यस्तो गल्तिको फाइदा दरभाउपत्रदाताले लिन पाउने छैन । कथंकदाचित कुनै दरभाउपत्रदाताबाट त्यस्तो गल्ति भएको भेटिएमा सोको लिखित जानकारी बैंकलाई दिनु पर्नेछ । त्यस्तो जानकारी बैंकमा प्राप्त हुन आएमा र बैंकले आवश्यक देखेमा आवश्यक संशोधन गरी सबै दरभाउपत्रदातालाई सूचना गर्नेछ ।

१४.४ दरभाउपत्रदातालाई दरभाउपत्र सम्वन्धी काम कारवाही र निर्णय गर्दा कुनै त्रुटी भएको भन्ने लागेमा र त्यस्तो कारवाही र निर्णयबाट दरभाउपत्रदातालाई क्षति पुग्ने वा पुग्न सक्ने भए सोको सवुत प्रमाण सहित दरभाउपत्रदाताले यस्तो कारवाही वा निर्णयको पुनरावलोकनका लागि गभर्नर समक्ष निबेदन दिन सक्नेछन् । यस्तो निवेदन उपर गभर्नरले गरेको निर्णय अन्तिम हुनेछ ।

१४.५ दरभाउपत्रदाताले आफूले पेश गरेको दरभाउपत्र प्रस्ताव फिर्ता लिन चाहेमा सो सम्बन्धी निबेदन खाममा सिलबन्दी गरी त्यस्तो खामको वाहिरी भागमा दरभाउपत्रको बिषय र दरभाउपत्र माग गर्ने कार्यालयको नाम लेखी दरभाउपत्र पेश गर्ने अन्तिम समय भित्रै सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

१४.६ दरभाउपत्रदाताले कार्य सम्पादन गर्दा बैंकको मौजुदा संरचना तथा सम्पत्तिमा कुनै प्रकारको हानी नोक्सानी हुन गएमा सोको मर्मत संभार गर्ने दायित्व दरभाउपत्रदाताको हुनेछ ।

१४.७ हाल जडानमा रहेका पुरानो CCTV लगायत सो संग सम्बन्धीत सम्पूर्ण उपकरणहरु सुरक्षित रुपमा हटाई यस बैंकको सुरक्षा समूहलाई जिम्मा लगाउनु पर्नेछ ।

१४.८ दरभाउपत्र सम्बन्धी शर्तहरु तथा दरभाउपत्र सूचनामा उल्लेख नभएका कुरा सार्वजनिक खरिद ऐन, २०६३ तथा नेपाल राष्ट्र बैंक खरिद बिनियमावली, २०७१ (प्रथम संशोधन, २०७१ समेत) बमोजिम हुने छ ।

**नेपाल राष्ट्र बैंक**
**सामान्य सेवा विभाग**
**बालुवाटार, काठमाडौं**

## "खण्ड ङ"

**"नेपाल राष्ट्र बैंक, बालुवाटार भवन परिसरमा CCTV आपूर्ति तथा जडान गर्ने" सम्बन्धमा आह्वान गरिएको दरभाउपत्र प्रस्तावको मूल्यांकन गरिने आधारहरु :**

**दरभाउपत्रको मूल्याङ्कनको आधारहरु**

१. प्रस्ताव शिलबन्दी खाममा राखी पेश गर्नु पर्नेछ ।

२. फर्म, संस्था वा कम्पनी दर्ताको अद्यावधिक प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. ब्यबसायको सम्वन्धित नियामक संस्थाबाट अद्यावधिक नविकरण भएको ईजाजतपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

४. मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा (प्यान) दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

५. आ.व.२०७०/०७१ को सम्वन्धित राजश्व कार्यालयबाट कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्रदाता खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यबसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित घोषणा पत्र पेश गर्नु पर्नेछ ।

७. बैकबाट उपलव्ध गराएको वा रीतपूर्वक प्रमाणित गरि दिएको दरभाउपत्र फाराम नै पेश गर्नु पर्नेछ

८. दरभाउपत्रदाताले फाराम वापतको दस्तुर बुझाएको सक्कल नगदी रसिद पेश गरेको हुनु पर्नेछ ।

९. दरभाउपत्रदाता व्यक्तिगत रुपमा वा संयुक्त उपक्रमको साझेदारको रुपमा एक भन्दा वढी दरभाउपत्रमा संलग्न भएको हुनु हुँदैन ।

१०. कार्य सम्पन्न गर्ने अवधि तालिका पेश गरेको (शर्त नं. ७) हुनु पर्नेछ ।

११. बुँदा नं. १० अनुसार तालिका पेश गरेको भए बैकले तोकेको अवधि भन्दा घटी वढि भएको ?

१२. दरभाउपत्रदाताले कार्य सम्पन्न गर्ने अवधि सम्वन्धमा अन्य कुनै शर्त राखेको हुनु हुँदैन ।

१३. भुक्तानी तथा जरिवाना सम्वन्धी बैंकले तोकेभन्दा अन्य कुनै शर्त राखेको हुनु हुँदैन । (शर्त नं ८)

१४. भूक्तानी तथा जरीवाना सम्वन्धी वाहेकका अन्य कुनै शर्त राखि बोलपत्र पेश गरेको । (शर्त नं १.५)

१५. दरभाउपत्रदाताले बिल अफ क्वान्टिटी फाराममा ईकाई दर, ईकाई दरले हुने जम्मा रकम र कूल रकम अंक र अक्षरमा स्पष्ट रुपमा भरेको हुनु पर्नेछ ।

१६. बिल अफ क्वान्टिटी मा प्रस्ताव गरिएको खुद मूल्यमा मूल्य अभिबृद्धि कर समेत समावेश गरेको हुनु पर्नेछ ।

१७. दरभाउपत्रको शर्त नं १.६ बमोजिम हुनु पर्नेछ ।

१८. लागत अनुमानसंग कवोल रकम सारभूत रुपमा प्रभावग्राही देखिएको हुनु पर्नेछ ।

१९. कबोल गरेको रकम (रकम उल्लेख गर्ने) ।

२०. कबोल रकम अनुमानित लागत भन्दा घटि/वढी भएको ।

२१. दरभाउपत्रको जमानतको मान्य अवधि दरभाउपत्रको शर्त बमोजिम रहेको हुनु पर्नेछ ।

२२. दरभाउपत्र सम्वन्धी कागजमा सामानको आपूर्ति तथा जडान कार्यको कार्ययोजना, कार्य सम्पादन तालिका र परिचालन समय उल्लेख गरेको हुनु पर्नेछ ।

२३. दरभाउपत्रदाताले बिल अफ क्वान्टिटीमा संलग्न आइटमको लागि उल्लेख गरेको प्रति इकाई दर विश्वसनीय देखिएको हुनु पर्नेछ ।

## “खण्ड च”

| नेपाल राष्ट्र बैंक, बालुवाटारम भवन परिसर CCTV आपूर्ति तथा जडान गर्ने सम्वन्धी कार्यको मूल्याङ्कन परिक्षण फाराम | | | |
|---|---|---|---|
| **दरभाउपत्र प्रस्तावको मूल्यांकन  फारम :** | | | |
| **क्र.सं** | **विवरण** | दरभाउपत्रदाताको नाम | |
| | | छ | छैन |
| १ | शिलबन्दी खाममा राखी दरभाउपत्र प्रस्ताव पेश गरेको । | | |
| २ | फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गरेको । | | |
| ३ | ब्यबसायको सम्वन्धित नियामक संस्थाबाट नविकरण भएको ईजाजतपत्रको प्रमाण पत्र पेश गरेको । | | |
| ४ | मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा (प्यान) दर्ता नम्बर प्रमाणपत्रको प्रतिलिपि पेश गरेको । | | |
| ५ | आ.व. २०७०/०७१ सम्मको सम्वन्धित राजश्व कार्यालयबाट कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गरेको । | | |
| ६ | दरभाउपत्रदाताले खरिद कारवाहिमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नबाभिएको र सम्बन्धित पेशा वा ब्यबसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनि लिखित घोषणा पत्र पेश गरेको । | | |
| ७ | बैकबाट उपलव्ध गराएको वा प्रमाणित गरि दिएको दरभाउपत्र फाराम पेश गरेको । | | |
| ८ | दरभाउपत्र फाराम वापतको दस्तुर वुझाएको सक्कल नगदी रसिद/भौचर पेश गरेको । | | |
| ९ | कार्य सम्पन्न गर्ने अवधि तालिका पेश गरेको (शर्त नं. ७) । | | |
| १० | बुंदा नं.९ अनुसार तालिका पेश गरेको भए बैकले तोकेको अवधि भन्दा घटी/वढि भएको । | | |
| ११ | दरभाउपत्रदाताले कार्य सम्पन्न गर्ने अवधि सम्वन्धमा अन्य कुनै शर्त राखेको । | | |
| १२ | भुक्तानी तथा जरीवाना सम्वन्धी वाहेकका अन्य कुनै शर्त राखि दरभाउपत्र पेश गरेको । | | |
| १३ | भुक्तानी तथा जरिवाना सम्वन्धमा बैंकले तोकेभन्दा वाहेक अन्य कुनै शर्त राखेको । | | |
| १४ | दरभाउ पत्रदाताले बिल अफ क्वान्टिटी फारममा ईकाई दर, ईकाई दरले हुने जम्मा रकम र कूल रकम अंक र अक्षरमा स्पष्ट रुपमा भरेको | | |

| क.सं | विवरण | दरभाउपत्रदाताको नाम | |
|---|---|---|---|
| | | छ | छैन |
| १५ | बिल अफ क्वान्टिटीमा प्रस्ताव गरिएको खुद मूल्यमा मूल्य अभिबृद्धि कर समेत समावेश गरेको | | |
| १६ | दरभाउपत्रको शर्त नं १.६ बमोजिम भएको | | |
| १७ | लागत अनुमानसंग कवोल रकम सारभूत रुपमा प्रभावग्राही देखिएको | | |
| १८ | कबोल रकम अनुमानित लागत भन्दा घटि/बढी रहेको । | | |
| १९ | दरभाउपत्रको जमानतको मान्य अवधि दरभाउपत्रको शर्त बमोजिम रहेको । | | |
| २० | कबोल गरेको रकम  मू.अ.कर सहित  (रकम उल्लेख गर्ने) | | |
| २१ | दरभाउपत्रदाताले कानूनी रुपमा उत्तरदायी हुने गरी प्रस्ताव फर्ममा हस्ताक्षर गरेको । | | |
| २२ | दरभाउपत्र सम्वन्धी कागजमा सामानको आपूर्ति तथा जडान कार्यको कार्ययोजना, कार्य सम्पादन तालिका र परिचालन समय उल्लेख गरेको | | |
| २३ | दरभाउपत्रदाताले बील अफ क्वान्टिटीमा संलग्न आइटमको लागि उल्लेख गरेको प्रति इकाई दर विश्वसनीय देखिएको | | |
| २४ | दरभाउपत्रको कवोल अंक असन्तुलित देखिन आएको | | |
| २५ | कवोल अंक असन्तुलित देखिन आएको भएमा, | | |
| | (क)खरिद सम्झौताको प्रारम्भिक चरणमा गर्नु पर्ने कामको आइटमको लागि बोलपत्रदाताले अस्वाभाविक उच्च दर उल्लेख गरेको | | |
| | (ख) दरभाउपत्रदाताले बील अफ क्वान्टिटीको एक/केही/धेरै आइटममा अस्वाभाविक न्यून दर/उच्च दर उल्लेख गरेको | | |
| २६ | कबोल रकम अनुमानित लागत भन्दा अस्वभाविक रुपमा घटि/वढी भएको । | | |

मूल्यांकन कर्ताको राय :

| | | | |
|---|---|---|---|
| मूल्यांकनकर्ताको नाम | | | |
| पदः | | | |
| दस्तखत | | | |

“खण्ड छ”

# NEPAL RASTRA BANK

BALUWATAR, KATHMANDU

**Bill Of Quantity Of Analog CCTV camera and cabling, power backup system, power supply system, installation and supply for Nepal Rastra Bank, Baluwatar, Kathmandu, Nepal:**

| S.N. | Particular | Qty | Unit | Unit Price | Total Price |
|---|---|---|---|---|---|
| **I** | **Supply of Analog CCTV Camera** | | | | |
| 1 | IR Bullet Outdoor Camera, 600 TVL, 1/3" DIS, 20m IR Distance, ICR, 0.1 Lux/F1.2,12 VDC, Smart IR, Wide operating temperature Range (-40°~60°), IP66, Lens: 3.6mm,<br>*BRAND NAME:*<br>*Model no:* | 48 | Pcs | | |
| 2 | IR Dome Indoor Camera, 600 TVL, 1/3" DIS, 20m IR Distance, ICR, 0.1 Lux/F1.2, 12 VDC, Smart IR, Wide operating temperature Range (-40°~60°), Lens: 3.6mm,<br>*BRAND NAME:*<br>*Model no:* | | | | |
| **II** | **Supply of Digital Video Recorder** | | | | |
| 3 | 4-channel video & 1-channel audio input, 1 SATA interface, Input Bandwidth - 4CIF: 25(P) / 30(N) fps/ch, standalone 1U case, network interface 1 RJ45 100M, 1 POE ports, output: VGA, HDMI (OPTIONAL) including 1 TB HDD,<br>*BRAND NAME:*<br>*Model no:* | 4 | Pcs | | |
| 4 | 8-channel video & 1-channel audio input, 2 SATA interfaces, Input Bandwidth - 4CIF: 25(P) / 30(N) fps/ch, 1U case, 19", network interface 1 RJ45 100M, 1 POE ports, output: VGA, HDMI (OPTIONAL) including 2 TB HDD,<br>*BRAND NAME:*<br>*Model no:* | 2 | Pcs | | |
| 5 | 16-channel video & 1-channel audio input, 2 SATA interfaces, Input Bandwidth - 4CIF: 25(P) / 30(N) fps/ch, 1U case, 19", network interface 1 RJ45 100M, 1 POE ports, output: VGA, HDMI (OPTIONAL) including 4 TB HDD,<br>*BRAND NAME:*<br>*Model no:* | 1 | Pcs | | |
| 6 | 15" LED Screen with HDMI<br>*BRAND NAME:* | 7 | Pcs | | |
| **III** | **Power Back Up System** | | | | |
| 7 | Online 3 KVA UPS Pure Sine Wave External Battery Source 96 Volt System<br>*BRAND NAME:* | 1 | Pcs | | |
| 8 | Battery 12V, 65 AH<br>*BRAND NAME:* | 8 | Pcs | | |
| 9 | Installation of Power Backup System with all necessary accessories | 1 | Bulk | | |
| **IV** | **Installation Charge** | | | | |
| 10 | Installation charge for testing, connection, positioning, of Analog camera with adaptor, water proof PVC box, BNC Jack. | 48 | points | | |
| 11 | Service and labor charge for Wiring and cabling, conduiting through HDP pipe, Listic including all necessary accessories, connecting, fixing, fitting, surface wiring and Pole etc. | 48 | points | | |
| | **Total** | | | | |
| | **Vat** | | | | |
| | **Grand Total** | | | | |

In Words:-

Name of Bidder:- Signature of Bidder:-

Name of Firm:- Stamp:-

“खण्ड ज”

# 4 Channel DVR Specifications:

| **Video/Audio Input** | | **Remarks** |
|---|---|---|
| Audio Input: | 1-ch | |
| Video Compression: | H.264 | |
| PAL/NTSC Adaptive: | Support | |
| Video Input: | 4-ch | |
| Video Input Interface: | BNC (1.0 Vp-p, 75Ω) | |
| Audio Compression: | G.711u | |
| Audio Input Interface: | RCA (2.0 Vp-p, 1 kΩ) | |
| Two-way Audio: | 1-ch, RCA (2.0 Vp-p, 1 KΩ) (using audio input) | |
| **Video/Audio Output** | | |
| VGA Output: | 1-ch, resolution: 1920×1080P/60Hz,1600×1200/60Hz,1280×1024/60Hz, 1280×720/60Hz,1024×768/60Hz | |
| CVBS Output: | 1-ch, BNC (1.0 Vp-p, 75 Ω), resolution: PAL: 704 × 576, NTSC: 704 × 480 | |
| HDMI Output: | 1-ch, resolution: 1920×1080P/60Hz,1600×1200/60Hz,1280×1024/60Hz, 1280×720/60Hz,1024×768/60Hz | |
| Recording resolution: | 4CIF/2CIF/CIF/QCIF | |
| Video Loop Output: | Optional | |
| Frame Rate: | 25 fps (P) / 30 fps (N) | |
| Video Bit Rate: | 32Kbps~2048Kbps, or user-defined (Max.3Mbps) | |
| Stream Type: | Video/Video&Audio | |
| Audio Output: | 1-ch RCA(Linear, 1kΩ) | |
| Audio Bit Rate: | 64kbps | |
| Dual Stream: | Support | |
| Synchronous Playback: | 4-ch | |
| **Hard Disk Driver** | | |
| Interface Type: | 1 SATA Interface | |
| Capacity: | Up to 4TB capacity for each disk | |
| **External Interface** | | |
| Network Interface: | 1 RJ45 10M/100M adaptive Ethernet Interface | |
| USB Interface: | 2 USB 2.0 Interfaces | |
| Serial Interface: | 1 RJ45 RS-485 half-duplex interface | |
| **General** | | |
| Power Supply: | 12V DC | |
| Consumption: | ≤ 10 W | |
| Working Temperature: | -10 °C ~ +55 °C | |
| Working Humidity: | 10% ~ 90% | |
| Chassis: | Standalone 1U chassis | |
| Dimensions: | 315 × 230 × 45 mm (W × D × H) | |
| Weight: | ≤ 2 kg (without hard disk or DVD-R/W) | |
| **Others if any specify:** | | |
| | | |

# 8 Channel DVR Specifications:

| **Video/Audio Input** | | **Remarks** |
|---|---|---|
| Audio Input: | 1-ch | |
| Video Compression: | H.264 | |
| PAL/NTSC Adaptive: | Support | |
| Video Input: | 8-ch | |
| Video Input Interface: | BNC (1.0 Vp-p, 75Ω) | |
| Audio Compression: | G.711u | |
| Audio Input Interface: | RCA (2.0 Vp-p, 1 kΩ) | |
| Two-way Audio: | 1-ch, RCA (2.0 Vp-p, 1 KΩ) (using audio input) | |
| **Video/Audio Output** | | |
| VGA Output: | 1-ch, resolution: 1920×1080P/60Hz,1600×1200/60Hz,1280×1024/60Hz, 1280×720/60Hz,1024×768/60Hz | |
| CVBS Output: | 1-ch, BNC (1.0 Vp-p, 75 Ω), resolution: PAL: 704 × 576, NTSC: 704 × 480 | |
| HDMI Output: | 1-ch, resolution: 1920×1080P/60Hz,1600×1200/60Hz,1280×1024/60Hz, 1280×720/60Hz,1024×768/60Hz | |
| Recording resolution: | 4CIF/2CIF/CIF/QCIF | |
| Frame Rate: | 25 fps (P) / 30 fps (N) | |
| Video Bit Rate: | 32Kbps~2048Kbps, or user-defined (Max.3Mbps) | |
| Stream Type: | Video/Video&Audio | |
| Audio Output: | 1-ch RCA(Linear, 1kΩ) | |
| Audio Bit Rate: | 64kbps | |
| Dual Stream: | Support | |
| Synchronous Playback: | 8-ch | |
| **Hard Disk Driver** | | |
| Interface Type: | 2 SATA Interface | |
| Capacity: | Up to 4TB capacity for each disk | |
| **External Interface** | | |
| Network Interface: | 1 RJ45 10M/100M adaptive Ethernet Interface | |
| USB Interface: | 2 USB 2.0 Interfaces | |
| Serial Interface: | 1 RJ45 RS-485 half-duplex interface | |
| **General** | | |
| Power Supply: | 12V DC | |
| Consumption: | ≤ 15 W | |
| Working Temperature: | -10 °C ~ +55 °C | |
| Working Humidity: | 10% ~ 90% | |
| Chassis: | 19-inch rack-mounted 1U chassis | |
| Dimensions: | 445 × 290 × 45 mm (W × D × H) | |
| Weight: | ≤ 4 kg (without hard disk or DVD-R/W) | |
| **Other if any specify:** | | |
| | | |

# 16 Channel DVR Specifications:

| Video/Audio Input | | Remarks |
|---|---|---|
| Audio Input: | 1-ch | |
| Video Compression: | H.264 | |
| PAL/NTSC Adaptive: | Support | |
| Video Input: | 16-ch | |
| Video Input Interface: | BNC (1.0 Vp-p, 75Ω) | |
| Audio Compression: | G.711u | |
| Audio Input Interface: | RCA (2.0 Vp-p, 1 kΩ) | |
| Two-way Audio: | 1-ch, RCA (2.0 Vp-p, 1 KΩ) (using audio input) | |
| **Video/Audio Output** | | |
| VGA Output: | 1-ch, resolution: 1920×1080P/60Hz,1600×1200/60Hz,1280×1024/60Hz, 1280×720/60Hz,1024×768/60Hz | |
| CVBS Output: | 1-ch, BNC (1.0 Vp-p, 75 Ω), resolution: PAL: 704 × 576, NTSC: 704 × 480 | |
| HDMI Output: | 1-ch, resolution: 1920×1080P/60Hz,1600×1200/60Hz,1280×1024/60Hz, 1280×720/60Hz,1024×768/60Hz | |
| Recording resolution: | 4CIF/2CIF/CIF/QCIF | |
| Video Loop Output: | Optional | |
| Frame Rate: | 25 fps (P) / 30 fps (N) | |
| Video Bit Rate: | 32Kbps~2048Kbps, or user-defined (Max.3Mbps) | |
| Stream Type: | Video/Video&Audio | |
| Two-way Audio: | 1-ch, RCA (2.0 Vp-p, 1 kΩ) (using the audio input) | |
| Audio Output: | 1-ch RCA(Linear, 1kΩ) | |
| Audio Bit Rate: | 64kbps | |
| Dual Stream: | Support | |
| Synchronous Playback: | 16-ch | |
| **Hard Disk Driver** | | |
| Interface Type: | 2 SATA Interface | |
| Capacity: | Up to 4TB capacity for each disk | |
| **External Interface** | | |
| Network Interface: | 1 RJ45 10M/100M adaptive Ethernet Interface | |
| USB Interface: | 2 USB 2.0 Interfaces | |
| Serial Interface: | 1 RJ45 RS-485 half-duplex interface | |
| **General** | | |
| Power Supply: | 12V DC | |
| Consumption: | ≤ 20 W | |
| Working Temperature: | -10 °C ~ +55 °C | |
| Working Humidity: | 10% ~ 90% | |
| Chassis: | 19-inch rack-mounted 1U chassis | |
| Dimensions: | 445 × 290 × 45 mm (W × D × H) | |
| Weight: | ≤ 4 kg (without hard disk or DVD-R/W) | |
| **Other if any specify:** | | |
| | | |

# IR Dome Camera Specification:

| Camera | | Remarks |
|---|---|---|
| Image Sensor: | 1/3” DIS | |
| Signal System: | PAL/NTSC | |
| Effective Pixels: | 720(H)×480(V) | |
| Min. Illumination: | 0.1 Lux @ (F1.2, AGC ON)<br>0.2 Lux @ (F1.8, AGC ON) | |
| Shutter Time: | 1/25(1/30) s to 1/15,000 s | |
| Lens: | 3.6 mm @ F1.8 ( mm3.6, 6 mm, optional)<br>Angle of view: 70.6° (3.6 mm) | |
| Lens Mount: | M12 | |
| Adjustment Range: | Pan: 0 - 355°, Tilt: 0 - 85°, Rotation: 0 - 360° | |
| Day& Night: | IR cut filter with auto switch | |
| Horizontal Resolution: | 600TVL | |
| Synchronization: | Internal Synchronization | |
| Video Output: | 1Vp-p Composite Output (75Ω/BNC) | |
| S/N Ratio: | More than 52dB | |
| **General** | | |
| Operating Conditions: | -40 °C - 60 °C (-40 °F - 140 °F)<br>Humidity 90% or less (non-condensing) | |
| Power Supply: | 12 V DC±10% | |
| Power Consumption: | Max.2 W<br>(Max. 5 W with IR cut filter on) | |
| IR Range: | Approx 10 to 20 meters | |
| Dimension: | Φ89.5 × 69.8 mm (3.52” × 2.75”) | |
| Weight: | 200 g (0.44 lbs) | |

# IR Fixed Bullet Camera Specification:

| **Camera** | | **Remarks** |
|---|---|---|
| Image Sensor: | 1/3'' DIS | |
| Signal System: | PAL/NTSC | |
| Effective Pixels: | 720(H)×480(V) | |
| Min. Illumination: | 0.1 lux @ (F1.2, AGC on), 0 lux with IR | |
| Shutter Time: | PAL: 1/25 s to 1/15,000 s<br>NTSC: 1/30 s to 1/15,000 s | |
| Lens: | 3.6 mm @ F1.8 (2.8 mm, 6 mm optional)<br>Angle of view: 68.4° (3.6 mm) | |
| Lens Mount: | M12 | |
| Adjustment Range: | Pan: 0 - 360°, Tilt: 0 - 90°, Rotation: 0 - 360° | |
| Day& Night: | IR cut filter with auto switch | |
| Horizontal Resolution: | 600TVL | |
| Synchronization: | Internal Synchronization | |
| Video Output: | 1Vp-p Composite Output (75Ω/BNC) | |
| S/N Ratio | More than 52dB | |
| **General** | | |
| Operating Conditions: | -40 °C - 60 °C (-40 °F - 140 °F)<br>Humidity 90% or less (non-condensing) | |
| Power Supply: | 12 V DC±10% | |
| Power Consumption: | Max. 2 W<br>(Max. 5 W with IR cut filter on) | |
| Weather Proof: | IP66 | |
| IR Range: | 20 meters | |
| Dimension: | Φ70×149.5 mm ( Φ2.76” ×5.89”) | |
| Weight: | 300 g (0.99 lbs.) | |

# Technical Specifications of on-line 3 KVA UPS:

| | |
|---|---|
| VA Ratings | 3kVA |
| Real Power Rating | 2100W |
| INPUT | |
| Input Phase | Single Phase + GND |
| Input Voltage | 165 ~ 300Vac |
| Input Frequency | 45.5 ~ 54.5Hz |
| OUTPUT | |
| Output Voltage | 220/230/240Vac ± 3% |
| Output waveform | True Sine Wave |
| Output Frequency | 50/60Hz ± 0.5% |
| Crest Factor | 3:1 |
| Tranfer Time | Zero |
| Power Factor | 0,7 |
| Efficiency | ≥85% |
| No. Sockets | 3 sockets |
| Distortion | <5% (Non-linear Load) |
| Overload | 110 ~ 150% swich to bypass after 1min; >150% Shut down after 200ms |
| SURGE PROTECTION | |
| Telephone/Lan | RJ11 (telephone/modem) |
| BATTERY | |
| DC voltage | 96V DC |
| External battery System | |
| Type | Sealed Lead-Acid, Maintenance Free Battery |
| Charging time | 90%capacity after 8 hrs charging |
| Charge Current | Standart model: 1A, long time model: 7.5A |
| PANEL DISPLAY | |
| LCD and LED | Utility, Inverter, Bypass, Battery, Load, Battery Mode, Frequency, Ups Fault Indicator |
| GENERAL | |
| Interface | RS323 / USB / SNMP(optional) |
| Noise | <50dB (1 meter) |
| Temperature | 0 - 40 °C |
| Humidity | 10 ~ 90% (non condensing) |
| Operating altitude | <1500m |
| Storage Temperature | -25 - 55 °C |
| Net/Gross Weight (UPS) | 12.5 / 13kg |
| Net/Gross Weight (battery pack) | 26kg / 26.5kg |
| Dimension ups (WxHxD mm) | 482x90x448 |
| Dimension battery pack (WxHxD mm) | 482x90x448 |

# Battery

## Specifications & Features:

- Very low maintenance: Special hybrid alloy system
- High reliability and extended cycle life: Ribbed free polyethylene pocket type separator along with texturized glass mat - double clad separation protects the design against internal short. Thick plate construction with special paste formulation. Hybrid alloy system for withstanding high ambient operating conditions as prevalent in India
- Easy maintenance: Float/Float guide to indicate electrolyte level. Bolted type terminals fitted with shroud for easy connection
- Instant state of charge indication: Magic Eye enables instant state of charge without having to open the plugs
- Clean top with no surface leakage and fumes: Side vented design fitted with micro porous filter disc
- Ready for commissioning: Factory charged

# Block Description of CCTV and DVR System:

| S.NO | BLOCK WISE | CCTV | DVR | Area Description |
|---|---|---|---|---|
| 1) | BLOCK A | Ground Floor = 8pc<br>First Floor = 8pc | 16ch. | Main Office(Governor ) |
| 2) | BLOCK B | 8pc | 8ch. | IT building |
| 3) | BLOCK C | 4pc | 4ch. | New building |
| 4) | BLOCK D | 4pc | 4ch. | Price Division/Army Camp Area |
| 5) | BLOCK E | 8pc | 8ch. | GSD Building |
| 6) | BLOCK F | 4pc | 4ch. | Car Garage & Office |
| 7) | BLOCK G | 4pc | 4ch. | Main Entrance Gate |
| **Total** | | **= 48pc** | **48ch = 7set** | |

# Location Map :



"खण्ड भ"

# नेपाल राष्ट्र बैंक,

## केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग

## र

## श्री ……………………….बीच नेपाल राष्ट्र बैंक, बालुवाटार भवन परिसरमा CCTV आपूर्ति तथा जडान गर्ने कार्य सम्पन्न गर्ने सम्वन्धी सम्झौता पत्र

नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालूवाटार, काठमाडौं (यस पछि प्रथम पक्ष भनिएको) र श्री ………………… (यसपछि द्वितीय पक्ष भनिएको) बीच नेपाल राष्ट्र बैंक, बालुवाटार भवन परिसर **CCTV** आपूर्ति तथा जडान गर्ने सम्वन्धमा यसै साथ संलग्न शर्त र स्पेसिफिकेशन वमोजिम बास्तविक कार्य गरेको आधारमा विलको भुक्तानी दिने गरी हाल स्वीकृत रकम मू.अ.कर समेत रु …… (अक्षेरेपी …… मात्र) मा ठेक्का लिने/दिने गरी यो सम्झौता गरिएको छ ।

१. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सम्झौतापत्रमा :-

(क) **"प्रथम पक्ष"** भन्नाले नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, वालुवाटार, काठमाण्डौं सम्झनु पर्छ र सो शव्दले बैंकबाट नियुक्त कन्सल्टेन्ट प्राविधिक समेतलाई जनाउनेछ ।

(ख) **"द्वितीय पक्ष"** भन्नाले श्री ………………… सम्झनु पर्छ र सो शव्दले निजको उत्तराधिकारी, अधिकृत प्रतिनिधि वा निजले खटाएको वा अह्राएको व्यक्ति समेतलाई जनाउनेछ ।

(ग) **"प्रथम पक्षको प्रतिनिधि"** भन्नाले दरभाउपत्र अनुसारको कामको रेखदेख गर्न आवश्यकतानुसार प्रथम पक्षबाट जडानस्थलमा खटाइएको व्यक्तिलाई सम्झनु पर्छ ।

(घ) **"काम"** भन्नाले सम्झौतापत्र र बिल अफ क्वान्टिटी मा उल्लेख भए अनुसारको काम सम्झनु पर्छ ।

(ङ) **"सम्झौतापत्र"** भन्नाले यस सम्झौतापत्रमा उल्लिखित शर्तहरु, स्पेशिफिकेशन, नक्सा, वील अफ क्वान्टिटी, तोकिएको ठेक्का रकम, सो संग सम्वन्धित दर र दरभाउपत्रलाई समेत सम्झनु पर्छ ।

(च) **"आपूर्ति सामाग्री"** भन्नाले दरभाउपत्र अनुसारको कार्यमा वा त्यस्तो कार्यको लागि प्रयोगमा ल्याइने सम्पूर्ण माल सामानलाई सम्झनु पर्छ ।

(छ) **"नक्सा"** भन्नाले दरभाउपत्र अनुसार गर्ने जडान कार्यको नक्सा सम्झनु पर्छ र सो शव्दले समय समयमा प्राविधिकले आवश्यक हेरफेर र परिमार्जन गरी स्वीकृत गरेको नक्सा समेतलाई जनाउंछ ।

(ज) **"जडान स्थल"** भन्नाले काम हुने ठाउँ सम्झनु पर्छ र सो शव्दले जडान कार्यमा प्रयोग गरिने माल सामान राखिने ठाउँ समेतलाई जनाउनेछ ।

२. **बैंकबाट नियुक्त प्राविधिकको अधिकार र कर्तव्यः**

(१) प्राविधिकको अधिकार र कर्तव्य देहाय वमोजिम हुनेछ :-

(क) कामको सम्पूर्ण रेखदेख गर्ने ।

(ख) काममा प्रयोग गरिने वस्तुको परीक्षण गर्ने वा गर्न लगाउने ।

(ग) कामको स्तर वा दक्षता हेर्ने र सो परीक्षण गर्ने वा गर्न लगाउने ।

(घ) यस सम्झौतामा उल्लिखित कामहरु गर्ने वा गर्न लगाउने ।

(ङ) आवश्यकता परेमा मर्मत सामाग्रीहरु कार्य स्थलमा दाखिला हुनासाथ सोको परिमाण खुलाई द्वितीय पक्षबाट विवरण लिने वा लिन लगाउने ।

(२) आपूर्ति तथा जडान कार्यमा प्रयोग गरिने सामाग्री तथा कार्यको स्तर सम्वन्धमा कुनै विवाद उत्पन्न भएमा बैंकको निर्णय अन्तिम हुनेछ ।

३. **द्वितीय पक्षले अरुलाई काम सुम्पन नहुनेः** यस सम्झौता वमोजिम द्वितीय पक्षले गर्नु पर्ने काम वा सोको केही भाग प्रथम पक्षको लिखित स्वीकृति बेगर कुनै व्यक्ति वा फर्मलाई सुम्पन पाउने छैन ।

४. **सम्झौतापत्रको व्याख्याः** सम्झौतापत्रको व्याख्याको आवश्यकता परे बैंकले व्याख्या गर्नेछ र निजले गरेको व्याख्या द्वितीय पक्षले पालना गर्नु पर्नेछ ।

५. **नक्सा** (१) नक्साहरु बैंकको अधीनमा रहनेछन् । द्वितीय पक्षलाई नक्साहरुको आवश्यकता परेमा बिना महशुल उपलव्ध गराइने छ । द्वितीय पक्षले आवश्यक मात्रामा नक्साका प्रतिलिपिहरु बनाउन सक्नेछ । सम्झौतापत्र वमोजिमको काम सम्पन्न भए पछि नक्साहरु प्रथम पक्षलाई फिर्ता दिनु पर्नेछ ।

(२) सम्झौतापत्र वमोजिम गर्नु पर्ने कामका लागि समय समयमा आवश्यक पर्ने अन्य नक्साको लागि द्वितीय पक्षले बैंकलाई समयमै लिखित सूचना दिनु पर्नेछ ।

६. **अन्य आवश्यक नक्सा र निर्देशनः** जडान कार्यको क्रममा बैंकले समय समयमा द्वितीय पक्षलाई आवश्यक नक्सा र निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु द्वितीय पक्षको कर्तव्य हुनेछ ।

७. **सन्तुष्ट हुने काम हुनु पर्नेः** द्वितीय पक्षले सम्झौतामा उल्लिखित तरिका अनुसार प्रथम पक्ष सन्तुष्ट हुने गरी काम गर्नु पर्नेछ । आपूर्ति तथा जडान कार्य विल अफ क्वान्टीटीमा उल्लेख गरिएको विवरण तथा स्पेसिफिकेशन अनुसारको नभई फरक परेमा प्रथम पक्षलाई स्वीकार्य हुने छैन र त्यस्तो कामको भुक्तानी दिइने छैन ।

८. **द्वितीय पक्षले कामको रेखदेख गर्नेः** सामानको आपूर्ति तथा जडान कार्य गर्दा द्वितीय पक्ष वा निजको प्रतिनिधि आफै बसी सम्पूर्ण कामको रेखदेख गर्नु पर्नेछ ।

९. **द्वितीय पक्षको कामदारः** सामान्य श्रमिकको रुपमा कार्य गराउंदा बाहेक जडान कार्यको लागि द्वितीय पक्षले योग्य र अनुभवी व्यक्तिहरुलाई मात्र कार्यमा लगाउनु पर्नेछ ।

१०. **कामदार खटाउनेः** प्रथम पक्ष वा प्रथम पक्षको प्रतिनिधिलाई द्वितीय पक्षले राखेका कामदार वा प्रतिनिधिको काम सन्तोषजनक छैन भन्ने लागेमा निजले त्यस्ता कामदार वा प्रतिनिधिलाई हटाउन द्धितीय पक्षलाई आदेश दिन सक्नेछ । यस्तो आदेश प्राप्त भएमा द्धितीय पक्षले त्यस्ता कामदार वा प्रतिनिधिलाई हटाई यथाशक्य योग्य कामदार वा प्रतिनिधिको व्यवस्था गर्नु पर्नेछ ।

११. **चिन्ह लगाउनेः** काम शुरु गर्नु अघि गरिने कार्यको ठीक ठीक चिन्ह लगाउने, नाप, लेवल आदि जे मिलाउनु पर्ने कुराहरु प्रथम पक्षले द्वितीय पक्षलाई दिएका निर्देशन वमोजिम गर्नु पर्नेछ । नाप, लेवल, लाइन नमिलाई जडान गरेको खण्डमा द्वितीय पक्षले आफ्नो खर्चमा सच्याई पुनः बनाउनु पर्नेछ ।

१२. **अन्य प्रवन्धः** जडान वा मर्मत कार्यको संरक्षणका लागि गरिनु पर्ने कार्यहरुका बारेमा प्रथम पक्षको प्रतिनिधि वा अन्य अधिकार प्राप्त व्यक्तिले द्वितीय पक्षलाई आदेश दिन सक्नेछ र त्यस किसिमको खर्च द्वितीय पक्षले व्यहोर्नु पर्नेछ ।

१३. **कामको स्याहार संभारः** काम शुरु भएदेखि समाप्त नभएसम्मको स्याहार संभार गर्ने सम्पूर्ण जिम्मेवारी द्वितीय पक्षको हुनेछ । कारणवश कुनै काम वा अस्थायी काम वा तिनको कुनै भागमा कुनै किसिमको नोक्सान हुन गएमा द्वितीय पक्षले नै आफ्नो तर्फबाट खर्च व्यहोरी बनाउनु पर्नेछ ।

१४ **पेटेण्ट अधिकार र रोयल्टीजः** जडान कार्यका सम्वन्धमा द्वितीय पक्षले अरु कुनै व्यक्तिको पेटेण्ट, डिजाइन, ट्रेडमार्क, नाम वा अन्य सुरक्षित अधिकारहरुको प्रयोग प्रथम पक्षलाई नोक्सान हुने गरी गर्न हुंदैन । कथंकदाचित त्यस्ता कुराहरु प्रयोग गरी प्रथम पक्षलाई कुनै किसिमको नोक्सानी भएमा द्वितीय पक्षले सो नोक्सानी व्यहोर्नु पर्नेछ ।

१५. **आवागमनमा वाधा पुऱ्याउन नहुनेः** जडान कार्य गर्दा कुनै व्यक्ति वा सर्वसाधारणलाई वाधा वा हानी पुग्ने गरी निजी वा सार्वजनिक बाटो, पानीका नाला, विजुली वा टेलिफोनका तार लगायत अन्य स्थानहरुमा बाधा वा हानी नोक्सानी पुग्ने काम गर्न हुदैन । कथंकदाचित त्यस्तो हुन गएमा द्वितीय पक्ष जिम्मेवार हुनु पर्नेछ ।

१६. **अरु व्यक्तिलाई जडान स्थल प्रयोग गर्न दिनेः** जडान स्थलमा प्रथम पक्षले आफ्नो तर्फबाट कामदार व्यक्तिहरु राखी अन्य कार्य गराउन चाहेमा द्वितीय पक्षले आवश्यक सुविधा र सहयोग समन्वयात्मक ढंगबाट उपलव्ध गराउनु पर्नेछ ।

१७. **कामदारको वन्दोवस्तः** द्वितीय पक्षले जडान कार्यको लागि चाहिने कामदार, प्राविधिक आदि सवै आफ्नै तर्फबाट वन्दोवस्त गर्नु पर्नेछ र प्रथम पक्षले निर्माण कार्यमा संलग्न कामदार, प्राविधिकहरुको लगत मागेमा द्वितीय पक्षले दिनु पर्नेछ ।

१८. **जडानस्थलको निरीक्षणः** प्रथम पक्ष वा निजको प्राविधिक वा निजको प्रतिनिधिले जुनसुकै बखत पनि निर्माणस्थलमा कामको निरीक्षण गर्न सक्ने छन् ।

१९. **काम सकिनुभन्दा अधिको परीक्षणः** प्रथम पक्ष वा निजको प्राविधिक वा अधिकार प्राप्त व्यक्तिले आवश्यकता अनुसार नापी वा जांची स्वीकृति दिएपछि मात्र ढाक्ने, छोप्ने वा बन्द गर्ने कार्य द्वितीय पक्षले गर्नु पर्नेछ । त्यस्तो नाप वा जांचको लागि समयमै द्वितीय पक्षले प्राविधिक वा अधिकार प्राप्त व्यक्तिलाई सूचना दिनु पर्नेछ ।

२०. **मालवस्तु हटाउने र अर्को ल्याउने आदेशः** (१) कामको जडान अवस्थामा प्राविधिकले आवश्यक देखेमा द्वितीय पक्षलाई लिखित सूचना दिई देहाएका आदेशहरु दिन सक्नेछः

(क) जडान कार्यको कुनै भाग सन्तोषजनक नदेखिएमा सो निकाली पुनः जडान गर्न लगाउने,

(ख) जडान कार्य गर्ने स्थलमा देखिएका वस्तुहरु कार्यमा प्रयोग हुन लायक गुणस्तरको नभएमा ती वस्तुहरु हटाउन लगाउने र चाहिंदो गुणस्तरको वस्तु मगाउन लगाउने, र

(ग) जडित कार्यको प्रमाणपत्र वा भुक्तानी पाइसकेपछि पनि त्यस्ता कार्यमा कुनै त्रुटी देखा परेमा सो भत्काई पुनः बनाउन लगाउने ।

(२) उपशर्त (१) वमोजिम दिइएका आदेशहरु अन्तर्गत गर्नु पर्ने कार्यहरु तोकिएको समय वा मनासिव माफिकको समयभित्र द्वितीय पक्षले आफ्नै खर्चमा गर्नु पर्नेछ । त्यस्ता आदेशहरु द्वितीय पक्षले पालना नगरेमा प्रथम पक्षले नै ती कार्यहरु गर्नेछ र सो कार्य गर्दा लागेको खर्च द्वितीय पक्षलाई दिनु पर्ने रकमबाट कट्टा गरी असुल उपर गरिनेछ ।

२१. **काम स्थगित गर्नु पर्नेः** प्राविधिकले मनासिव माफिकको कारण खुलाई जडान कार्य संचालन गर्न नसकिने अवस्था परेको भनि द्वितीय पक्षलाई खास अवधिसम्मका लागि जडान कार्यको सम्पूर्ण वा आंशिक रुपमा काम बन्द गर्नका लागि लिखित आदेश दिन सक्नेछ । यस किसिमको आदेश पाएमा द्वितीय पक्षले सो स्थगित अवधिभर भईसकेका कामहरु सुरक्षित रुपमा राख्नु पर्नेछ । तर बैंकको लिखित अनुमति विना द्वितीय पक्षले कार्य स्थगित गर्न पाउने छैन ।

२२. **तयारी म्यादः** प्रथम पक्षबाट द्वितीय पक्षलाई काम शुरु गर्न कार्यादेश दिएको मितिले ७ दिन तयारी म्याद पाउनेछ र उक्त अबधि भित्र द्वितीय पक्षले काम शुरु गरी सोको सूचना प्रथम पक्षलाई लिखित रुपमा दिनु पर्नेछ । सो अनुसार काम शुरु नगरेमा प्रथम पक्षले परफरमेन्स वण्ड, विडबण्ड तथा अन्य जमानत वा धरौटी रकम भए सो जफत गरी द्वितीय पक्षलाई कालो सूचीमा राख्न कारवाही अगाडि बढाइनेछ ।

२३. **काम समाप्त हुनु पर्ने अवधिः** शर्त नं. २१ वमोजिम काम स्थगित भएकोमा वाहेक बिल अफ क्वान्टिटीमा उल्लेख भए वमोजिम हुनु पर्ने कार्य सम्झौता अनुसार कार्यादेश पाई शर्त नं. २२ मा व्यवस्था भएको मितिले **७५** दिन भित्र द्वितीय पक्षले सम्पन्न गरी सक्नु पर्नेछ । यस संझौता पत्रमा उल्लिखित कार्यहरु गर्दा त्यस्ता कार्यहरुमा प्रयोग हुने कुनै माल, सामान, वस्तु वा सेवा आदिको मूल्य अप्रत्यासित रुपमा साविक मूल्यको १० प्रतिशत भन्दा बढिले प्रमाणित रुपमै बढेमा वा घटेमा त्यसरी बढेको वा घटेको रकममा १० प्रतिशत मूल्य समायोजन गर्न सकिनेछ । तर खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाईका कारणले कार्य समयमै सम्पन्न नभई बढि समय लागेको अबस्थामा मूल्य बढेको भए मूल्य समायोजन गरिने छैन ।

२४. **समय थपः** कामको क्रममा बैंकले थप कार्य स्वीकृत गरेमा वा काबु बाहिरको कुनै परिस्थितिले गर्दा तोकिएको समयमा काम समाप्त हुन नसकेको भनी सवै परिस्थिति खुलाई द्वितीय पक्षले प्रथम पक्ष समक्ष दरखास्त दिएमा र प्रथम पक्ष सो परिस्थितिसंग सन्तुष्ट भएमा आवश्यक समय थप दिन सकिनेछ ।

२५. **समयमै काम नसकिएमा क्षतिपूर्ति दिनु पर्नेः** शर्त नं.२३ मा उल्लिखित समय भित्र वा शर्त नं. २४ वमोजिम दिइएको थप समय भित्र द्वितीय पक्षले काम समाप्त गर्न नसकेमा ठेक्का अवधि समाप्त भएको मितिले सम्झौता रकमको ०.०५ प्रतिशत प्रति दिनका दरले हर्जाना स्वरुप द्वितीय पक्षले बुझाउनु पर्नेछ । सम्झौता रकमको १० प्रतिशतसम्म हर्जाना लाग्ने अवधिसम्ममा पनि काम सम्पन्न गर्न नसकेमा वा कार्य बिचैमा छोडेमा प्रथम पक्षले आफ्नो तर्फबाट सो कार्य सम्पन्न गराई, कार्य सम्पन्न गराउंदा लागेको सम्पूर्ण खर्च द्वितीय पक्षबाट असुल उपर गर्नेछ । द्वितीय पक्षले सम्झौता अनुसारको कार्य नगरेमा वा हेलचेक्रयाई गरी समयमै काम सम्पन्न नगरेको कारण ठेक्का सम्झौता भंग गरिएमा सम्झौताका बखत द्वितीय पक्षले राखेको परफरमेन्स वण्ड जफत गरी त्यस्तो फर्मलाई कालो सूचीमा राख्न कारवाही अगाडि बढाइनेछ ।

२६. **लिखतको दायित्व समाप्त नहुनेः** शर्त नं. २५ वमोजिम द्वितीय पक्षले प्रथम पक्षलाई क्षतिपूर्ति दिनु पर्ने भएमा वा दिइसकेपछि पनि सम्झौतापत्र वमोजिम द्वितीय पक्षको दायित्व समाप्त भएको मानिने छैन ।

२७. **सम्भार अवधि तथा त्रुटी सुधारः** सम्झौता अनुसारको काम सम्पन्न भई द्वितीय पक्षले प्रथम पक्षबाट बीलको अन्तिम भुक्तानी प्राप्त गरेको मितिले १ (एक) वर्षसम्म उक्त कार्यमा कुनै किसिमको त्रुटी वा खरावी देखिएमा प्राविधिकले निर्देशन दिए वमोजिमको समयभित्र द्वितीय पक्षले आफ्नो खर्च लगाई त्यस्तो त्रुटी वा खरावी सच्याउनु वा पुनः निर्माण गर्नु पर्ने भएमा पुनः निर्माण समेत गर्नु पर्नेछ । संभार अवधिमा सुधार्नु पर्ने काम द्वितीय पक्षले तोकिएको समयभित्र सम्पन्न नगरेमा प्रथम पक्षले आफैले वा अन्य व्यवस्था गरी सो बनाउने वा सुधार कार्य गर्ने गराउने छ र यसको लागि लागेको खर्च द्वितीय पक्षबाट प्रथम पक्षले भराई लिन वा द्वितीय पक्षलाई भुक्तानी दिनु पर्ने रकमबाट कट्टा गरी असुल उपर गर्न सक्नेछ ।

२८. **हेरफेर गर्ने आदेशः** (१) प्राविधिकको सल्लाहमा प्रथम पक्षले कामको कुनै भाग परिमाण वा गुण सम्वन्धी देहाएका लिखित आदेशहरु द्वितीय पक्षलाई दिन सक्नेछ र त्यस्तो आदेश पाएमा सो आदेश वमोजिम गर्नु द्वितीय पक्षको कर्तव्य हुनेछ :-

(क) यस सम्झौतापत्र वमोजिम गर्नु पर्ने कामको परिमाण घटाउन वा बढाउन,
(ख) कामको कुनै भाग विलकुलै नगर्न,
(ग) कुनै कामको गुणस्तर र किसिममा हेरफेर गर्न,
(घ) कामको कुनै भागको लाईन, पोजिसन र डाइमेन्सन हेरफेर गर्न, र
(ङ) काम तामेल गर्ने सम्वन्धमा दिइएका अन्य कामहरु गर्न ।

(२) उपशर्त (१) वमोजिमको आदेशबाट काममा कुनै हेरफेर हुन गएमा सोको मूल्यांकन सम्झौतापत्रको दर वमोजिम निर्धारण गरिनेछ । यस सम्झौतापत्रमा दररेट उल्लेख नभएकोमा प्रथम पक्ष र द्वितीय पक्षका विच मन्जूरी भए वमोजिम दर निर्धारण गरिने छ । यसरी पनि दर मन्जुर हुन नसकेमा प्राविधिकले ठहराए वमोजिम दर वा अंक निर्धारण गरिनेछ ।

२९. **वस्तु तथा सामाग्रीको प्रयोगः** (१) शर्त नं.३३ वमोजिम द्वितीय पक्षलाई कामबाट हटाइएमा जडानस्थलमा द्वितीय पक्षले ल्याएका वस्तु तथा सामाग्री कार्यस्थलबाट बाहिर लिएर जान पाउने छैन ।

(२) अन्य कुनै व्यक्ति वा फर्मसंग जडान सामाग्रीहरु सम्झौता गरी ल्याएको भए सम्झौता भएको मितिले यथाशक्य चांडो द्वितीय पक्षले प्राविधिकलाई त्यस्तो सामाग्रीहरुको फेहरिस्त सहित लिखित जानकारी दिनु पर्नेछ । यसरी जानकारी दिंदा ढुवानी वापत द्वितीय पक्षले व्यहोर्नु पर्ने भाडा अंक समेत खुलाउनु पर्नेछ ।

(३) शर्त नं.३३ वमोजिम सम्झौता भंग गरी द्वितीय पक्षलाई कामबाट हटाइएमा बांकी काम पूरा गर्न, त्यस्ता काम समाप्त नभएसम्मको अवधिको लागि द्वितीय पक्षको स्वामित्वमा रहेका वस्तु र जडान सामाग्रीहरु प्रथम पक्षले प्रयोग गर्न सक्नेछ ।

३०. **कामको नापः** यस सम्झौतापत्रमा अन्यथा व्यवस्था भएकोमा वाहेक द्वितीय पक्षले कामको विल पेश गरेपछि प्राविधिकले यस सम्झौतापत्र वमोजिम भएको कामको नाप जांच गरी मूल्य निर्धारण गर्नेछ । कामको नाप जांच गर्दा आवश्यक मद्दत मागिएमा द्वितीय पक्षले त्यस्तो मद्दत गर्नु पर्नेछ । द्वितीय पक्षबाट यस सम्वन्धमा कुनै मद्दत नपाएमा प्राविधिकले नापेका वा निजले स्वीकृत गरेका कामको नाप ठिक भएको मानिनेछ ।

३१. **नाप गर्ने तरिकाः** यस सम्झौतापत्रमा स्पष्ट रुपमा कुनै खास तरिकाबाट नाप हुने उल्लेख भएको बाहेक कामको यथार्थ नाप गरिनेछ ।

३२. **कामको प्रमाणपत्रः** सम्पूर्ण काम समाप्त गरी अन्तिम बीलको भुक्तानी भएपछि कार्य सम्पन्न गरेको प्रमाणपत्र द्वितीय पक्षलाई प्रथम पक्षले दिनेछ ।

३३. **सम्झौता भंग गर्न सकिनेः**

(१) देहाएको कुनै अवस्थामा कारण खुलाई प्रथम पक्षले पन्ध्र दिनको सूचना दिई सम्झौता भंग गर्न सक्नेछ

(क) द्वितीय पक्ष साहूको दामासाहीमा परेमा,

(ख) द्वितीय पक्ष लिक्वीडेसनमा गएमा,

(ग) प्रथम पक्षको पूर्व स्वीकृति वेगर अरु कसैलाई द्वितीय पक्षले काम सुम्पेमा,

(घ) प्राविधिकले कारण खुलाई देहाए वमोजिम भएको भनी प्रमाणित गरी दिएमा द्वितीय पक्षले करार तोडेको मानिनेछ :-

(१) द्वितीय पक्षले तोकिएको समयमा काम शुरु नगरेको र सो सम्वन्धमा मनासिव कारण पनि नभएको,

(२) स्थगित गरिएको काम चालु गर्नु भन्ने आदेश पाएको पन्ध्र दिनभित्र पनि काम चालु नगरेको र सो सम्वन्धमा मनासिव कारण पनि नभएको,

(३) काममा कुनै भाग तोडी बनाउन पर्ने वा कुनै वस्तु जडान स्थलबाट हटाउन प्राविधिकले दिएको आदेश पन्ध्र दिनसम्ममा पनि पालन नभएको, वा

(४) सम्झौता वमोजिम गर्नु पर्ने कामको प्रगति सन्तोषजनक नभएको वा द्वितीय पक्षले सम्झौता वमोजिम गर्नु पर्ने दायित्व पूरा गर्न बारम्बार हेलचक्र्याई गरिरहेमा ।

(२) उपशर्त (१) बमोजिमको सूचना दिएको मितिले पन्ध्र दिनपछिका कुनै पनि दिनमा प्रथम पक्षले कार्यस्थलबाट द्वितीय पक्षलाई हटाउन सक्नेछ र बांकी काम आफू वा अरु व्यक्तिद्वारा गर्न र गराउन सक्नेछ । यसरी निर्माण गर्दा लागेको खर्च प्रथम पक्षले स्वीकृत गरेको दररेट भन्दा बढी भएमा बढी रकम द्वितीय पक्षको कार्य सम्पादन जमानतबाट असुल उपर गरिनेछ ।

(३) करार भंग गरी द्वितीय पक्षलाई कामबाट हटाएमा प्राविधिकले द्वितीय पक्षबाट लिनु पर्ने वा द्वितीय पक्षलाई दिनु पर्ने रकम निर्धारित गर्नेछ । कुनै रकम दिनु पर्ने ठहर भएमा द्वितीय पक्षलाई दिइनेछ र द्वितीय पक्षबाट लिनु पर्ने भएमा निजबाट असुल उपर गरिनेछ । द्वितीय पक्षले समयमा सो रकम दिन आनाकानी गरेमा कार्यस्थलमा रहेको द्वितीय पक्षका मालवस्तु जडान सामाग्रीहरु आदि विक्री गरी वा प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ ।

३४. **दायित्व नरहनेः** (१) देहाएको कुनै पनि स्थितिमा काममा भएको क्षति वा कसैको ज्यान, धनमालमा भएको क्षतिको सम्वन्धमा द्वितीय पक्षको कुनै दायित्व हुनैछैन र त्यस सम्वन्धमा द्वितीय पक्षले कुनै पनि रुपमा क्षतिपुर्ति दिनु पर्ने छैनः-

(क) विदेशी आक्रमणको कारणबाट भएको क्षति,

(ख) आन्तरिक विद्रोह वा गृह युद्धको कारणबाट भएको क्षति, र

(ग) भुकम्प वा अरु कुनै दैवी प्रकोप परेका कारणबाट भएको क्षति ।

(२) उपशर्त (१) मा उल्लेखित कारण बाहेक अन्य अवस्थामा जडान कार्य शुरु भएदेखि निर्धारित काम सम्पन्न गरी बैंकलाई हस्तान्तरण नगरुन्जेलसम्म कुनै हानी नोक्सानी भएमा द्वितीय पक्षनै पूर्ण रुपले जिम्मेवार हुनेछ ।

३५. **सम्झौता समाप्त गर्न सकिनेः** युद्धको कारण वा काबु बाहिरको परिस्थिति परी यस करार वमोजिम हुनु पर्ने काममा असर पर्ने भएमा वा काम सम्पन्न गर्न सक्ने अवस्था नदेखिएमा प्रथम पक्षले द्वितीय पक्षलाई सो कारण उल्लेख गरी पन्ध्र दिनको लिखित सूचना दिई सम्झौता समाप्त गर्न सक्नेछ ।

सम्झौता समाप्त भएपछि कार्य स्थलमा रहेको द्वितीय पक्षका मालवस्तु र सामाग्रीहरु सबै द्वितीय पक्षले जडान स्थलबाट लिएर जान सक्नेछ । यस करार वमोजिम द्वितीय पक्षले कुनै अन्य व्यक्तिसंग सम्झौता गरी खास काम गर्न लगाएको भए यसरी काम गर्ने व्यक्तिले पनि आफ्ना सामानहरु वा जडान सामाग्री कार्यस्थलबाट लिएर जान सक्नेछ ।

३६. **भुक्तानीः** (१) द्वितीय पक्षबाट भुक्तानीको लागि निवेदन पेश हुन आएमा कामको प्रगति हेरी वास्तविक नापको आधारमा प्राविधिकको सिफारिसमा रनिंग विलको भुक्तानी दिइनेछ । यसरी भुक्तानी दिंदा प्रचलित कानून बमोजिम तिर्नु पर्ने करका साथै रिटेन्सन मनि वापत रनिंग विलको पांच प्रतिशत कट्टा गरी धरौटी स्वरुप राखिने छ । पछि काम समाप्त भै प्राविधिकले अन्तिम जांचपास गरी प्रमाणित गरेपछि उक्त धरौटी स्वरुप राखिएको रकम बाहेक फाइनल विलको भुक्तानी गरिनेछ र शर्त नं.३८ को बमोजिम मात्र सो धरौटी स्वरुप राखिएको रिटेन्सन मनी वापतको रकम फिर्ता गरिनेछ ।

(२) निर्माण कार्य बैंकका प्राविधिकको रेखदेखमा गरिनेछ । विल अफ क्वान्टीटीमा उल्लेख गरिएको विवरण तथा स्पेसिफिकेशन अनुसारको कार्य नभई फरक परेमा बैंकलाई स्वीकार्य हुने छैन र त्यस्तो कामको भुक्तानी दिइने छैन ।

(३) द्वितीय पक्षले कार्य सम्पन्न गरी भुक्तानीको लागि पेश गरेको अन्तिम विलको भुक्तानी गर्ने क्रममा प्रथम पक्षले आवश्यक ठानेमा आफ्नै खर्चमा बाह्य प्राविधिकबाट कामको नापजाँच तथा स्पेसिफिकेशन अनुसारको भए नभएको गुणस्तर परीक्षण गराउन सक्नेछ । यस्तो नापजाँच परिक्षणबाट प्राप्त विवरणलाई अन्तिम मानी विलको भुक्तानी गरिने हुँदा सो उपर द्वितीय पक्षले कुनै विवाद उठाउन पाउने छैन । बाह्य प्राविधिकबाट नापजाँच तथा परीक्षण हुँदा बैंकलाई हानी नोक्शानी हुने गरी काम कारवाही भए गरेको पाइएमा शर्त नं.२५ बमोजिम द्वितीय पक्षलाई कारवाही गर्न सकिनेछ ।

३७. **ठेक्का कार्यमा परिवर्तनः** प्राविधिक वा अन्य कुनै कारणबस सम्झौतामा उल्लेखित कार्यमा थपघट वा हेरफेर गर्न वान्छनीय देखिन आएमा सोको पर्याप्त कारण सहित प्राविधिकबाट पेश हुन आएमा र यस सम्वन्धमा प्रथम पक्ष सन्तुष्ट भएमा त्यस्तो कार्य थपघट वा हेरफेर गर्ने स्वीकृति दिन सक्नेछ ।

३८. **परफरमेन्स वण्ड र रिटेन्सन मनिको भुक्तानीः** (१) कार्य पूरा भई हस्तान्तरण भएको मितिले **एक वर्ष भित्र** कार्यको बनौटमा कैफियत देखिएमा वा सोही कारणले भत्केमा, विग्रेमा, ढलेमा वा कुनै हानी नोक्सानी भएमा उक्त कार्य द्वितीय पक्षले पूरा गर्नु पर्नेछ । सो पश्चात कामको गुणस्तर निरीक्षण गरी सम्पादित काम सन्तोषजनक पाइएमा मात्र एक वर्षपछि परफरमेन्स वण्डको फुकुवा गरिनेछ र फाइनल बिल भुक्तानी गर्दा राखिएको रिटेन्सन मनि वापतको रकम त्रुटि सच्चाउने अवधी समाप्त भएको मितिले १ (एक) वर्षपछि ५० प्रतिशत फिर्ता भुक्तानी दिइनेछ र बाँकी ५० प्रतिशत द्वीतिय पक्षले सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट आय विवरण पेश गरेको प्रमाणित कागजात पेश गरेपछि मात्र भुक्तानी दिइनेछ ।

३९. **पेश्कीः** (१) कामको लागि द्वितीय पक्षले अग्रिम पेश्की माग गरेमा स्वीकृत कूल रकम (मू.अ.कर बाहेक) को बीस प्रतिशतसम्म प्रथम पक्षले दिएको नमूना अनुसार बैंक ग्यारेन्टी लिई पेश्की दिन सकिनेछ ।

(२) द्वितीय पक्षलाई गएको पेश्की फछ्र्यौट नभएसम्म निजले पाउने प्रत्येक रनिंग विलको स्वीकृत रकमको पचास प्रतिशतका दरले प्रथम पक्षले कट्टा गरी असुल गर्नेछ ।

४०. **माल सामानको सुरक्षा र रेखदेखः** कार्यस्थलमा रहेको सम्पूर्ण मालसामानको सुरक्षा र रेखदेख गर्ने जिम्मेवारी द्वितीय पक्षको हुनेछ ।

४१. **विवादको समाधानः** प्रथम पक्ष र द्वितीय पक्षका बीच यस सम्झौतापत्र वमोजिम हुनु पर्ने काम चालु अवस्थामा वा समाप्त भएपछि पनि सो सम्वन्धमा कुनै विवाद उत्पन्न भएमा दुबै पक्षले आपसी छलफलद्वारा उक्त विवादलाई समाधान गर्नु पर्नेछ । कथंकदाचित आपसी छलफलद्वारा त्यस्ता विवादको समाधान हुन नसकेमा प्रचलित कानून बमोजिम विवादको समाधान गरिनेछ ।

४२. **कर तथा दस्तुरः** प्रचलित कानून बमोजिम लाग्ने कर, दस्तूर र अन्य शुल्क द्वितीय पक्षले व्यहोर्नु पर्नेछ ।

४३. **वीमाः** स्वीकृत दरभाउपत्रदाताले जडान कार्यमा सहभागी हुने जनशक्ति, औजार, मेशिन, जडान सामाग्री लगायत जडान कार्यको वीमा द्वितीय पक्षले गराउनुपर्ने छ । यसवाट उत्पन्न हुने कुनै प्रकारको क्षतिपूर्ति प्रथम पक्षले व्यहोर्ने छैन ।

४४. नयां CCTV जडान पश्चात् द्वितीय पक्षले यस बैंकको बालुवाटार परिसरमा यस अघि जडान भएका पुरानो CCTV लगायत सो संग सम्बन्धीत सम्पूर्ण उपकरणहरु सुरक्षित रुपमा हटाई यस बैंकको सुरक्षा समूहलाई जिम्मा लगाउनु पर्नेछ ।

४५. **सम्झौताको अभिन्न अंगः** यस कार्यको दरभाउ पत्र सम्बन्धी सूचना तथा दरभाउपत्रका शर्तहरु यस सम्झौताका अभिन्न अंग हुने छन् ।

दुवै पक्षका आधिकारिक प्रतिनिधिहरुले निम्न साक्षीहरुको रोहवरमा आज मिति **२०७१ साल** ......... **गते रोज** ... **का दिन** नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौंमा बसी दुई प्रति सम्झौतापत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं ।

| प्रथम पक्षको तर्फबाट | द्वितीय पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम : | नाम : |
| पद : कार्यकारी निर्देशक | पद : |
| कार्यालयको छापः | फर्म/कम्पनीको छापः |

| साक्षी | साक्षी |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम : | नाम : |
| पद : | ठेगानाः |